फोन नं.: ०५३-५५०१३३,
फ्याक्स नं.:०५३-५००००
ईमेल नः- daobara33700@gmail.com

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
बारा, कलैया

प.स. ०७७/०७८(मुद्दा)च.न. ८९१३ मितिः २०७७/१२/०४

- जन्म दर्ता वा शैक्षिक योग्यताको प्रमाणपत्र सो पनि नभए जन्म मिति खुल्ने आधिकारिक कागज
- पतिको मृत्यु भएको भए मृत्यु दर्ता  र पतिका वंशज तर्फका ३ पुस्ता भित्रका नाता खुल्ने व्यक्तिले नाता खुलेको प्रमाण र ना.प्र. सहित सनाखत

३. विदेशी नागरिक संग विवाह गरेकी नेपाली महिला नागरिकवाट जन्मिएका सन्तानलाई ना.प्र. सिफारिस गर्दा नेपाल नागरिकता ऐन, २०६३ र नियमावली बमोजिम मात्र गर्नु हुन ।

४. अंगिकृत नागरिकता लिनु अघि जन्मिएका सन्तानलाई अङ्गिकृत ना.प्र.  सिफारिस गर्दा नेपाल नागरिकता ऐन, २०६३ र नियमावली बमोजिम गर्ने व्यवस्था हुन ।

५. नेपाली नागरिकताको प्रतिलिपी सिफारिस गर्दा देहाय अनुसार  गर्ने हुनः

- पहिले लिएको ना.प्र. कुनै कारणबाट फाटी, च्यातिइ, आगलागी भइ, हराएमा, पानीले भिजी नष्ट भएमा वा झुत्रो भइ काम नलाग्ने भएमा मनासिव माफिको निवेदन लिइ प्रतिलिपी फारममा सिफारिस गरी पठाउने आवश्यकतानुसार थप सिफारिस पत्र पनि पठाउने ।
- पहिले लिएको नागरिकताको छाँयाप्रति/ प्रमाणित  प्रतिलिपिबाट नागरिकको नाम, थर, जन्म मिति, वतन, जन्मस्थान, पिता, पति, जारी मिति, जारी गर्ने अधिकारी यकिन गरी प्रतिलिपी फराममा सिफारिस गर्ने गराउने गर्नु हुन ।
- विगतमा ठुलो बाढी आई २०४२ र २०६२ तिर डुवान भई जिल्ला प्रशासन कार्यालयमा रहेका केही कागजात गलीनष्ट भएको हुँदा सो अघि जारी गरीएका यस कार्यालयमा अद्यावधिक नगराएका ना.प्र. को प्रतिलिपी सिफारिस गर्दा विशेष चनाखो हुनु पर्ने अवस्था रहेको छ । यसर्थ सो मिति पूर्वका ना.प्र. को प्रतिलिपी सिफारिस गर्दा नागरिकका सम्पुर्ण विवरण केरमेट नभइ स्पष्ट रहेका सक्कल ना.प्र. भएकाको हकमा मात्र उक्त ना.प्र. प्रमाणित गर्ने अन्य सार्थक प्रमाण जस्तै- लालपुर्जा, सवारी चालक अनुमतिपत्र, मतदाता परिचयपत्र लगायतका कागजात संलग्न गरी गराइ सनाखत गर्ने तीन पुस्ता भित्रको नाता खुल्ने कागजात सहितको ना.प्र. सहितको ब्यक्तिलाई सनाखत गरी सिफारिस गरी पठाउने । त्यस्ता सक्कल नभएकाको हकमा पत्र सहित १ नं. अनुसूचि भरी प्रकरण १ र १.१ र बैवाहिक अंगीकृतको हकमा प्रकरण २ बमोजिम सिफारिस गरी पठाउने ।

प्रमुख जिल्ला अधिकारी